# बीउ उत्पादनको प्राविधिक परीक्षण (अडिट) सम्बन्धी मापदण्ड, २०८३

**<u>प्रस्तावना</u>**: यथार्थ सङ्केतपत्र पद्धतिमा बीउ बिजनको गुणस्तर सुनिश्चित गर्न तथा जातीय शुद्धता कायम गर्न बीउ बिजन नियमावली, २०८१ को नियम १३ को उपनियम (४) बमोजिम हुने बीउ उत्पादनको प्राविधिक परीक्षण (अडिट)को कार्यान्वयन तथा उक्त कार्यलाई सहज, सरल र व्यवस्थित गरी नेपालभित्र यथार्थ सङ्केतपत्र पद्धतिबाट उत्पादित भई बिक्री—वितरण हुने बीउ बिजनको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक भएकोले बीउ बिजन ऐन, २०४५ को दफा ५ को उपदफा ५.४ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो मापदण्ड स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यो मापदण्डको नाम "**बीउ उत्पादनको प्राविधिक परीक्षण (अडिट) सम्बन्धी मापदण्ड, २०८३**" रहेको छ ।

(२) यो मापदण्ड समितिबाट स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. **<u>परिभाषा</u>**: बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा, यस मापदण्डमा, -

(क) **"अडिटर"** भन्नाले नियमावलीको नियम १३ को उपनियम (४) मा तोकिएका केन्द्र, बीउ बिजन निरीक्षक वा कृषि प्राविधिक सम्झनुपर्छ ।

(ख) **"अडिटी"** भन्नाले यथार्थ सङ्केतपत्र पद्धति अवलम्बन गरी ऐन तथा नियमावली बमोजिम अनुमतिपत्र प्राप्त बीउ उत्पादन गर्ने संस्था वा निकाय सम्झनुपर्छ।

(ग) **"ऐन"** भन्नाले बीउ बिजन ऐन, २०४५ लाई सम्झनुपर्छ ।

(घ) **"कृषि प्राविधिक"** भन्नाले संघीय कृषि हेर्ने मन्त्राल वा सो अन्तर्गत निकाय, प्रदेशको कृषि हेर्ने मन्त्रालय वा सो अन्तर्गत निकाय तथा स्थानीय तहमा कार्यरत कृषि प्राविधिकहरू सम्झनुपर्छ।

(ङ) **"केन्द्र"** भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई सम्झनुपर्छ ।

(च) **"कार्यलय"** भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि हेर्ने कार्यलय सम्झनुपर्छ ।

(छ) **"दस्तावेज"** भन्नाले बीउ बिजन सम्बन्धी नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, तथा समितिका निर्णय र सो कार्यान्वयन गर्न केन्द्रबाट जारी भएको निर्देशन, बिउ उत्पादन, गुणस्तर नियन्त्रण तथा नियमनसँग सम्बन्धित अभिलेख, प्रमाण, स्वीकृति, उत्पादन विवरण, निरीक्षण अभिलेख तथा कागजातहरुलाई सम्झनुपर्छ ।

(ज) **"नियमावली"** भन्नाले बीउ बिजन नियमावली, २०८१ लाई सम्झनुपर्छ ।

(झ) **"परीक्षण प्रतिवेदन"** भन्नाले अडिटीलाई अडिटरबाट उपलब्ध गराईएको प्रतिवेदनलाई सम्झनुपर्छ।

(ञ) **"प्रयोगशाला"** भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ९ बमोजिम स्थापना भएका प्रादेशिक बीउ बिजन प्रयोगशालालाई सम्झनुपर्छ।

(ट) **"प्राविधिक परीक्षण (अडिट)" भन्नाले** यथार्थ सङ्केतपत्र पद्धति अवलम्बन गरी बीउ उत्पादन गर्ने संस्थाको बीउ बिजनको गुणस्तर सुनिश्चित गर्न तथा जातीय शुद्धता कायम गर्नका लागि नियम १३ को उपनियम (४) बमोजिम केन्द्र, बीउ बिजन निरीक्षक वा कृषि प्राविधिकबाट गरिने परीक्षण तथा परीक्षणका क्रममा दिइएका प्राविधिक सुझावहरू समेत सम्झनुपर्छ ।

(ठ) **"बीउ बिजन निरीक्षक"** भन्नाले ऐनको दफा १६ को उपदफा १६.१ बमोजिम नियुक्त भएका नियमावलीको नियम २८ बमोजिमको बीउ बिजन निरीक्षक सम्झनुपर्छ।

(ड) **"मन्त्रालय"** भन्नाले कृषि सम्बन्धी बिषय हेर्ने सङ्घीय मन्त्रालयलाई सम्झनुपर्छ ।

(ढ) **"समिति"** भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय बीउ बिजन समितिलाई सम्झनुपर्छ।

(ण) **"सुधार गर्नु पर्ने क्षेत्र"** भन्नाले प्राविधिक परीक्षणको क्रममा अडिटरले अडिटीलाई प्रदान गर्ने गुणस्तरमा सुधार गर्ने सम्बन्धमा दिएको सुझाव तथा सुधारका क्षेत्र सम्झनुपर्छ।

## परिच्छेद -२

## प्राविधिक परीक्षणको आधारभूत पक्ष तथा प्रक्रियाहरू

**३. प्राविधिक परीक्षण गरिने**: (१) नियमावलीको नियम १३ बमोजिम यथार्थ सङ्केतपत्र पद्धति अवलम्बन गरी बीउ उत्पादन गर्ने संस्थाको मात्र बीउ उत्पादनको प्राविधिक परीक्षण हुनेछ ।

**४. प्राविधिक परीक्षणको जिम्मेवारी** : नियमावलीको नियम १३ को उपनियम (४) बमोजिम केन्द्र, ऐनको दफा १६ तथा नियमावलीको नियम २८ बमोजिमका बीउ बिजन निरीक्षक तथा संघीय कृषि हेर्ने मन्त्रालय वा सो अन्तर्गत निकाय, प्रदेशको कृषि हेर्ने मन्त्रालय वा सो अन्तर्गत निकाय तथा स्थानीय तहमा कार्यरत कृषि प्राविधिकहरूले बीउ उत्पादनको प्राविधिक परीक्षण गर्न सक्नेछन् ।

**५. प्राविधिक परीक्षणको उद्देश्य**: बीउ उत्पादनको प्राविधिक परीक्षणको उद्देश्य देहाय बमोजिम रहनेछ ।

(१) यथार्थसंकेतपत्र पद्धतिमा बीउ बिजनको गुणस्तर सुनिश्चित गर्न तथा जातीय शुद्धता कायम गर्न तोकेको मापदण्ड अनुरूप कार्य भए वा नभएको यकिन गर्ने।

(२) अडिटीको बीउ उत्पादन सम्बँन्धी सम्पूर्ण गतिविधि अध्ययन र समीक्षा गरी बीउ बिजनको गुणस्तर तथा जातीय शुद्धतासँग सम्बन्धित सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्ने तथा सुधारात्मक कार्यको कार्यान्वयनको अवस्था अनुगमन गर्ने ।

६. **प्राविधिक परीक्षणको कार्य क्षेत्रः** (१) अडिटरले अडिटी संस्थाको बीउ उत्पादन, बीउ उत्पादनमा प्रयोग भएको स्रोत बीउ र सोको व्यवस्थापन, खेत निरीक्षण, लट कायम, बीउ परीक्षण, बीउ भण्डारण, बीउ प्रशोधन, प्याकेजिङ्ग तथा प्रमाणीकरणको अवस्था तथा सोको कानूनी आधार, सोसँग सम्बन्धित दस्तावेज तथा अभिलेखको निरीक्षण तथा परीक्षण गर्न सक्नेछन्।

(२) अडिटीले उपदफा (१) बमोजिम हुने निरीक्षण तथा परीक्षणको कार्यमा अडिटरलाई सहयोग गर्नु पर्नेछ ।

७. **प्राविधिक परीक्षण (अडिट) तयारी र व्यवस्थापनः** प्राविधिक परीक्षण (अडिट) को तयारी तथा व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी अडिटीको हुने भएकोले संस्थाको प्रमुख वा व्यवस्थापकले देहाय बमोजिम प्राविधिक परीक्षण (अडिट) सम्बन्धी कार्य योजना र व्यवस्थापनका कार्यहरु गर्नु पर्नेछ।

(१) अडिटरसँग समन्वय गरी प्राविधिक परीक्षण (अडिट) कार्य योजना (समय तालिका र मिति एवं अन्य विषयहरु) तयार गर्ने ।

(२) प्राविधिक परीक्षण (अडिट) कार्यलाई व्यवस्थापन गर्न **अनुसूची १** बमोजिमको विवरण तयार गर्ने, गराउने।

(३) उपदफा (२) बमोजिमका विवरणसँग सम्बन्धित सम्पूर्ण कागजात तथा अभिलेखहरुको तयारी एवं अद्यावधिक गर्ने ।

(४) प्राविधिक परीक्षण (अडिट) को लागि अन्य आवश्यक व्यवस्थापन गर्ने, गराउने ।

८. **प्राविधिक परीक्षण (अडिट) प्रक्रिया** : प्राविधिक परीक्षण (अडिट) प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(१) अडिटीले बीउ उत्पादनको प्राविधिक परीक्षण (अडिट) का लागि आफूले चाहेको अडिटरलाई **अनुसूची १** बमोजिमको विवरण संलग्न गरी **अनुसूची २** बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।

(२) अडिटरले **अनुसूची ३** बमोजिमका आधार तथा मापदण्ड अनुसार बीउ उत्पादनको प्राविधिक परीक्षण गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमका आधार तथा मापदण्ड अनुसार बीउ उत्पादनको प्राविधिक परीक्षण गर्दा अडिटरले विवरणसँग सम्बन्धित विषयको छलफल, कागजात तथा अभिलेखहरुको निरीक्षण गर्न सक्नेछ र सो कार्यमा सहयोग गर्नु अडिटीको कर्तव्य हुनेछ।

(४) अडिटरले उपदफा (३) बमोजिम छलफल तथा निरीक्षण गरिसकेपछि **अनुसूची -४** बमोजिम प्राविधिक परीक्षण (अडिट) को निष्कर्ष सहित प्रतिवेदन अडिटीलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) अडिटीले उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनको पूर्ण कार्यान्वयन गर्नुपर्नेछ ।

(६) अडिटरले प्राविधिक परीक्षण (अडिट) गर्दा यस अघि जारी भएको प्राविधिक परीक्षण (अडिट) प्रतिवेदन समेत अध्ययन गरी दिएको सुझाव कार्यान्वयन भए नभएको यकिन गर्नुपर्नेछ र यदि त्यस्तो नभएमा कार्यान्वयनका लागि निर्देशन दिन सक्नेछ ।

(७) अडिटीले यस अघि जारी भएको प्राविधिक परीक्षण (अडिट) प्रतिवेदन कार्यान्वयन भए नभएको जानकारी अडिटरलाई प्रदान गर्न अनुसूची ५ बमोजिमको प्राविधिक परीक्षण (अडिट) सुझाव कार्यान्वयन अभिलेख तयार गरी राख्नुपर्नेछ ।

(८) अडिटरले उपदफा (२) बमोजिम प्राविधिक परीक्षण (अडिट) गर्दा बीउको जातीय शुद्धता तथा गुणस्तरमा गम्भीर असर गर्ने मुख्य गैर-अनुरूपता पाईएमा प्राविधिक परीक्षण (अडिट) प्रतिवेदन संलग्न गर्दै सोको जानकारी प्रदेश स्थित बीउ प्रमाणीकरणको कार्य गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम जानकारी प्राप्त भए पश्चात बीउ प्रमाणीकरण निकायले त्यस्तो लटको बीउ बिक्री–वितरणमा रोक लगाउनु पर्नेछ ।

**९. सूचना तथा तथ्याङ्क प्राप्त गर्ने विधि:** प्राविधिक परीक्षण (अडिट) को क्रममा अडिटरले देहाय बमोजिमको तरिकाबाट सूचना तथा तथ्याङ्क सङ्कलन गर्न सक्नेछ ।

(१) मौजुदा ऐन, नियमावली तथा मापदण्डको कार्यान्वयन अवस्थाको समीक्षागरेर ।
(२) अडिटीसँग अन्तर्वार्ता र छलफल गरेर ।
(३) संस्थाको कार्य वातावरण तथा अवस्थाको अवलोकन गरेर ।
(४) अडिटीसँग बीउ उत्पादनसँग सम्बन्धित दस्तावेज तथा अभिलेखहरुको प्रयोग, उपयोगिता र तादात्म्यताको बारे अध्ययन र समीक्षागरेर ।

**१०. प्रतिवेदन सुरक्षित राख्नुपर्ने :** अडिटीले प्राविधिक परीक्षण (अडिट)को दौरान अडिटरबाट जारी भएको प्राविधिक परीक्षण (अडिट) प्रतिवेदन स्पष्ट ढंगबाट आवश्यक परेको बखत सहज रूपमा उपलब्ध हुने गरी सुरक्षित राख्नुपर्नेछ ।

## परिच्छेद ३
## विविध

**११. अनुगमन तथा निरीक्षण :** समिति, उपसमितिहरू, मन्त्रालय, विभाग, केन्द्र, प्रदेश बीउ बिजन समिति, प्रदेश मन्त्रालय, मातहतका निकाय तथा स्थानीय तहका निकायहरूले यस मापदण्डको कार्यान्वयन तथा यससँग सम्बन्धित क्रियाकलापको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्। ।

**१२. केन्द्रले निर्देशन दिन सक्ने :** (१) प्राविधिक परीक्षण (अडिट) कार्यलाई थप व्यवस्थित बनाउन केन्द्रले निर्देशन दिन सक्नेछ र बीउ प्रमाणीकरण निकाय वा तोकेको निकायले त्यस्तो निर्देशनको पालना गर्नुपर्नेछ ।

**१३. मापदण्डमा संशोधनः** (१) समितिले आवश्यकता अनुसार यस मापदण्डमा संशोधन वा परिमार्जन गर्नसक्नेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**बीउ उत्पादन बीउ सम्बन्धी विवरण**

**१. सामान्य जानकारी**

| | |
|---|---|
| संस्थाको नामः | |
| स्वामित्व भएको व्यक्ति/संस्थाः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिः | |
| सम्पर्क नं. : | |
| GPS निर्देशाङ्कः | |
| अडिट वर्ष : | |
| संस्थाले उत्पादन गर्ने बीउको गुणस्तर नियन्त्रण पद्धति तथा बीउको स्तर | |
| उत्पादन क्षमता (वार्षिक) | |

**२. संस्थाको कानुनी अवस्था**

| **विवरण** | **अवस्था** |
|---|---|
| संस्था दर्ता नं., दर्ता गर्ने निकाय तथा मिति | |
| नवीकरणको अवस्था | |
| बीउ व्यवसाय अनुमतिपत्र नं. | |

| | |
|---|---|
| बीउ व्यवसाय अनुमतिपत्रको नवीकरणको अवस्था | |
| PAN वा भ्याट नं. | |
| स्रोत बीउ उत्पादन अनुमतिपत्र नं | |

**३.बीउ उत्पादनमा आबद्ध किसान वा उत्पादक**

| क्र.स. | बीउ उत्पादकको नाम | बीउ उत्पादन क्षेत्रफल (हे) | उत्पादन गरेको बीउको स्तर | स्रोत बीउको स्तर | प्रयोग भएको स्रोत बीउको परिमाण (केजी) | स्रोत बीउको स्रोत र लट नं | बील नं र संस्था | ट्याग को विवरण | उत्पादक संकेत नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**द्रष्टव्य : संस्थाको आफ्नो जग्गा वा भाडामा लिएको जग्गामा बीउ उत्पादन गरेको भए कैफियतमा उल्लेख गर्ने । अन्यथा सम्पूर्ण उत्पादकको नाम उल्लेख गर्ने ।**

## ४. खेत निरीक्षण सम्बन्धी विवरण

| **क्र. स.** | बीउ उत्पादक को नाम | बाली | जात | उत्पादित बीउ को स्तर | बीउ उत्पादन क्षेत्रफल (हे) | खेत निरीक्षण मिति | खेत निरीक्षण गर्ने बीउ बिजन निरीक्षक को नाम र अनुमतिपत्र नं | सिफारिस क्षेत्रफल (हे) | सिफारिस बीउ परिमाण (मे. टन) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## ५. लट कायम सम्बन्धी विवरण

| क्र. स. | बाली | जात | स्तर | कायम लट नं | लटको परिमाण (मे. टन) | उत्पादकको नाम | बीउको स्तर | सिफारिस बीउ परिमाण (मे. टन) | उत्पादक संकेत नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**द्रष्टव्य : सम्पूर्ण बीउको लटको जानकारी समावेश गर्नु पर्नेछ ।**

## ६. बीउ नमुना सङ्कलन सम्बन्धी जानकारी

| क्र. स. | कायम लट नं | लटको परिमाण (मे टन) | नमुना भण्डारण तरिका | बोरा वा भाँडोको संख्या | प्राथमिक नमुना संख्या | नमुना सङ्कलन गर्ने व्यक्ति | पहिलो नमुना पठाएको मिति | दोस्रो नमुना पठाएको मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## ७. बीउ परीक्षण सम्बन्धी जानकारी

| क्र स | कायम लट नं | लट को परिमाण (मे टन) | बीउ परीक्षण गर्ने प्रयोगशाला | पहिलो बीउ परीक्षण प्रतिवेदन (प्रतिवेदन नं ………………..) | | | अन्तिम बीउ परीक्षण प्रतिवेदन (प्रतिवेदन नं ………………..) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उमारशक्ति % | भौतिक शुद्धता % | चिस्यान % | उमारशक्ति % | भौतिक शुद्धता % | चिस्यान % | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

………………………………………. ………………………………………….

तयार गर्ने प्रमाणित गर्ने

संस्थाको छाप:

## अनुसूची - २

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**प्राविधिक परीक्षणका लागि निवेदन**

**श्री ........................................................................ ,**

**..........................**

**महाशय,**

मैले/हामीले बीउ बिजन ऐन, २०४५ र बीउ बिजन नियमावली, २०८१ बमोजिम यथार्थसंकेत पत्र पद्धतिबाट देहाय बमोजिम बीउ उत्पादन गरेको हुँदा मेरो/हाम्रो उल्लिखित बीउ उत्पादनको नियमानुसार प्राविधिक परीक्ष गरिदिनुहुन अनुरोध छ ।

संस्थाको नामः ठेगाना:

सम्पर्क नं.

| बीउ उत्पादकको नाम, थर | ठेगाना | सम्पर्क नं | बाली | जात | बीउको स्तर | लट नं | लटको परिमाण (मे. टन ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आवेदक

नाम :

पद :

संस्थाको नाम :

संस्थाको छाप :

**अनुसूची - ३**

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**प्राविधिक परीक्षणको आधार तथा मार्गनिर्देशक सिद्धान्त**

| **क्र सं** | **आधार** | **मार्गनिर्देशक सिद्धान्त** | **अनुरूपताको अवस्था (C, NC, NA)** | **आधारको वर्गीकरण** |
|---|---|---|---|---|
| **१. कानुनी आधार** | | | | |
| (१) | बीउ बिजन बिक्री तथा वितरण अनुमतिपत्र र नवीकरण | बीउ बिजन ऐन तथा नियमावली बमोजिम जारी तथा नवीकरण भएको हुनुपर्ने | | CNC |
| (२) | स्रोत बीउ उत्पादन अनुमतिपत्र | बीउ बिजन ऐन तथा नियमावली बमोजिम स्रोत बीउ उत्पादन अनुमतिपत्र लिएको हुनुपर्ने | | CNC |
| (३) | PAN वा VAT मा दर्ता | PAN वा VAT मा दर्ता | | MNC |
| **२. बीउ उत्पादन** | | | | |
| (१) | स्रोत बीउ | माथिल्लो स्तरको बीउ स्रोतको रूपमा प्रयोग भएको हुनुपर्ने | | CNC |
| (२) | स्रोत बीउ र खरिदको स्रोत | आधिकारिक निकायबाट खरीद हुनुपर्ने तथा खरिद बिल र ट्याग सुरक्षित भएको हुनुपर्ने। | | CNC |
| (३) | खेत निरीक्षण | अनुमतिपत्र प्राप्त बीउ बिजन निरीक्षकबाट बीउ प्रमाणीकरण मापदण्ड, २०८२ बमोजिम खेत निरीक्षण भएको हुनुपर्ने र खेत निरीक्षण प्रतिवेदन सुरक्षित हुनुपर्ने। | | CNC |
| (४) | लट कायम | लट कसरी कायम भएको प्रष्ट हुनुपर्ने ।<br>Tracability का लागि उत्पादकको पहिचान कोड प्रदान गरिएको हुनुपर्ने ।<br>लट अधिकतम सीमा भित्र हुनुपर्ने तथा खेत निरीक्षणबाट सिफारिस भएको बीउ परिमाण | | CNC |

| | | | | |
|---|---|---|---|---|
| | | भित्र हुनुपर्ने | | |
| (५) | नमुना सङ्कलन | आधिकारिक व्यक्तिबाट विधिपूर्वक नमुना झिकिएको हुनुपर्ने<br>बीउको लट पहिचान गर्न सकिने तथा नमुना सङ्कलन गर्न सहज हुने गरी भण्डारण गरिएको हुनुपर्ने। | | MNC |
| (६) | बीउ परीक्षण | कम्तीमा २ पटक अनिवार्य रूपमा बीउ परीक्षण भएको हुनुपर्ने र न्यूनतम गुणस्तरको हदभित्र परीक्षण नतिजा हुनुपर्ने | | CNC |
| (७) | गोदाम घर | सफा, भित्ता तथा भुइँबाट बीउमा चिस्यान नपस्ने गरी बीउ राखिएको हुनुपर्ने<br>लट अनुसार अलग्गै राखिएको हुनुपर्ने<br>रोग कीरा नलागेको हुनुपर्ने | | MNC |
| (८) | प्रशोधन कारखाना | न्यूनतम आवश्यक उपकरण भएको हुनुपर्ने र चालु हालतमा हुनुपर्ने, भौतिक तथा जातीय  मिश्रण नहुने कुरा सुनिश्चित भएको हुनुपर्ने, कारखाना नं लिएको हुनुपर्ने वा लिन लाउनुपर्ने | | MNC |
| (९) | लेबल | ट्याग, बोरा वा प्याकेजमा ऐन, नियमावली तथा सम्बन्धित मापदण्डबमोजिम लेबल/विवरण उल्लेख भएको हुनुपर्ने | | MNC |
| (१०) | अभिलेख | प्रशोधन, गोदाम निरीक्षण तथा उपचार, बीउ बिक्री जस्ता अभिलेख राखेको हुनुपर्ने | | MNC |

**नोट** : यस अनुसूचीमा प्रयोग भएका संकेतहरूको अर्थ देहायबमोजिम हुनेछः

(१) C – अनुरूपता (Conformity)

(२) NC – गैर-अनुरूपता (non-conformity)

(३) NA – लागू नहुने (Not Applicable)

(४) संवेदनशील गैर-अनुरूपता (Critical Non- Compliance : CNC ) = बीउको गुणस्तर, जातीय शुद्धता, स्रोत बीउको वैधता वा traceability मा गम्भीर असर पार्ने र सुधार नभएमा उत्पादन/प्रमाणीकरणको विश्वसनीयतामा प्रत्यक्ष असर पर्ने अवस्था। \

(५) प्रमुख गैर-अनुरूपता (Major Non Compliance: MNC ) = प्रणाली वा प्रक्रियामा महत्वपूर्ण कमजोरी भए पनि तत्कालै बीउको पहिचान/गुणस्तरमा गम्भीर असर नपारेको अवस्था।

**प्रक्रिया :** प्राविधिक परीक्षणको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(१) अडिटरबाट अडिटीको बीउ प्रशोधन तथा भण्डारघरको स्थलगत निरीक्षण गरी यस अनुसूची बमोजिमको आधार तथा मार्गनिर्देशक सिद्धान्तका आधारमा प्राविधिक परीक्षण गर्नुपर्नेछ।

(२) प्राविधिक परीक्षणका आधारलाई संवेदनशील गैर-अनुरूपता (Critical Non- Compliance : CNC ), प्रमुख गैर-अनुरूपता (Major Non Compliance: MNC ) मा वर्गीकरण गरिनेछ ।

(३) प्रमुख गैर-अनुरूपता (Major Non Compliance: MNC ) मा परिभाषित प्राविधिक परीक्षणका आधारमा तोकिएको मार्गनिर्देशक सिद्धान्त बमोजिम भएको नपाएमा अडिटीले अविलम्ब त्यस्ता कमी—कमजोरी दोहोरिन नदिन आवश्यक कार्य गर्नुपर्नेछ ।

(४) संवेदनशील गैर-अनुरूपता (Critical Non- Compliance : CNC ) मा अडिटीले त्यस्ता कमी—कमजोरी दोहोरिन नदिन आवश्यक कार्य नगरेको अवस्थामा वा सुधार तर्फ उन्मुख नभएको पाइएमा बीउ उत्पादकको बीउ उत्पादन अनुमतिपत्र खारेजीका लागि कार्यलयमा लेखी पठाउनु पर्नेछ ।

अडिटीको प्रमुख वा प्रतिनिधिको हस्ताक्षरः
हस्ताक्षरः
नामः

प्राविधिक परीक्षकको:
हस्ताक्षरः
नामः
पद वा अनुमतिपत्र नं.. :
कार्यालयः

मितिः.........................................................................

# अनुसूची-४

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित )

## प्राविधिक परीक्षण प्रतिवेदन

### १. सामान्य जानकारी

| | |
|---|---|
| संस्थाको नामः | |
| स्वामित्व भएको व्यक्ति/संस्थाः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिः | |
| प्राविधिक परीक्षण भएका लट नं | |
| प्राविधिक परीक्षण भएका लटको बाली, जात तथा स्तर | |
| लटको परिमाण (मे. टन) | |

### २. प्राविधिक परीक्षण (अडिट प्रतिवेदन)

| क्र सं | आधार | आधारको वर्गीकरण | मार्गनिर्देशक सिद्धान्त | अनुरूपताको अवस्था (C, NC, NA) | अनुरूपता अवस्थाका कारणहरू | प्रदान गरिएको सुझावहरू |
|---|---|---|---|---|---|---|
| (१) | बीउ बिजन बिक्री—वितरण अनुमतिपत्र र नवीकरण | CNC | बीउ बिजन ऐन तथा नियमावली बमोजिम जारी तथा नवीकरण भएको हुनुपर्ने | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (२) | स्रोत बीउ उत्पादन अनुमतिपत्र | CNC | बीउ बिजन ऐन तथा नियमावली बमोजिम स्रोत बीउ उत्पादन अनुमतिपत्र लिएको हुनुपर्ने | | | |
| (३) | PAN वा VAT मा दर्ता | CNC | PAN वा VAT मा दर्ता | | | |
| (४) | स्रोत बीउ | CNC | माथिल्लो स्तरको बीउ स्रोतको रूपमा प्रयोग भएको हुनुपर्ने | | | |
| (५) | स्रोत बीउ र खरिदको स्रोत | CNC | आधिकारिक निकायबाट खरीद हुनुपर्ने तथा खरिद बिल र ट्याग सुरक्षित भएको हुनुपर्ने । | | | |
| (६) | खेत निरीक्षण | CNC | अनुमतिपत्र प्राप्त बीउ बिजन निरीक्षकबाट बीउ प्रमाणीकरण मापदण्ड, २०८२ बमोजिम खेत निरीक्षण भएको हुनुपर्ने र खेत निरीक्षण प्रतिवेदन सुरक्षित हुनुपर्ने। | | | |
| (७) | लट कायम | CNC | लट कायम गर्ने आधार | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तथा प्रक्रिया स्पष्ट हुनुपर्ने, ।<br>Tracability का लागि उत्पादकको पहिचान कोड प्रदान गरिएको हुनुपर्ने ।<br>लट अधिकतम सीमा भित्र हुनुपर्ने तथा खेत निरीक्षणबाट सिफारिस भएको बीउ परिमाण भित्र हुनुपर्ने । | | | |
| (८) | नमुना सङ्कलन | MNC | आधिकारिक व्यक्तिबाट विधिपूर्वक नमुना झिकिएको हुनुपर्ने<br>बीउको लट पहिचान गर्न सकिने तथा नमुना सङ्कलन गर्न सहज हुने गरी भण्डारण गरिएको हुनुपर्ने। | | | |
| (९) | बीउ परीक्षण | | कम्तीमा २ पटक अनिवार्य रूपमा बीउ परीक्षण भएको हुनुपर्ने | | | CNC |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | र न्यूनतम गुणस्तरको हदभित्र परीक्षण नतिजा हुनुपर्ने | | | |
| (१०) | गोदामघर | | सफा, भित्ता तथा भुइँबाट बीउमा चिस्यान नपस्ने गरी बीउ राखिएको हुनुपर्ने<br>रोग कीरा नलागेको हुनुपर्ने | | | MNC |
| (११) | प्रशोधन कारखाना | | न्यूनतम आवश्यक उपकरण भएको हुनुपर्ने र चालु अवस्थामा हुनुपर्ने, भौतिक तथा जातीय मिश्रण नहुने कुरा सुनिश्चित भएको हुनुपर्ने, कारखाना नं लिएको हुनुपर्ने वा लिन लाउनुपर्ने | | | MNC |
| (१२) | लेबल | | टयाग, बोरा वा प्याकेजमा ऐन, नियमावली तथा सम्बन्धित मापदण्डबमोजिम लेबल/विवरण उल्लेख | | | MNC |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भएको हुनुपर्ने | | | |
| (१३) | अभिलेख | | प्रशोधन, गोदाम निरीक्षण तथा उपचार, बीउ बिक्री जस्ता अभिलेख राखिएको हुनुपर्ने | | | MNC |

**निष्कर्ष :**

..................................................................................................................................................................................................................................................................................................................................
..................................................................................................................................................................................................................................................................................................................................
..........................................................................................................................

**नोट :** यो प्रतिवेदन लट नं अनुसार जारी गर्नुपर्नेछ ।

प्राविधिक परीक्षकको:

हस्ताक्षर:

नाम:

पद वा अनुमती पत्र :

कार्यालय:

**मिति:**...............................................................................

## अनुसूची-५

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित )

## प्राविधिक परीक्षण सुझाव कार्यान्वयन अभिलेख

### १. सामान्य जानकारी

| | |
|---|---|
| संस्थाको नामः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिः | |
| सम्पर्क नं. : | |
| बीउ व्यवसाय अनुमतिपत्र नं | |
| स्रोत बीउ अनुमति नं | |

### २.सुझाव कार्यान्वयन अवस्था

| क्र.स. | प्राविधिक परीक्षणको मिति | लट नं | अडिटरको नाम | प्रदान गरेका मुख्य सुझावहरू | सुझाव कार्यन्वयनको अवस्था **(पूर्ण/आंशिक/नभएको)** | सुझाव कार्यान्वयनका लागि गरिएका कार्यहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

<u>**बीउ उत्पादक संस्थाको**</u> प्रमुख/प्रतिनिधिको

नाम, थर

पद:

हस्ताक्षर:

मिति: